# रेन्ट कार नेपाल प्रा. लि.

## सवारी साधन भाडा करारनामा

लिखितम् कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको, दर्ता नं. ४००१०९/८३/८४ र आन्तरिक राजस्व कार्यालय भक्तपुरमा दर्ता भई, पान नं. ६२३६९४४२८ भएको भक्तपुर जिल्ला भक्तपुर नगरपालिका/गाउँपालिका वडा नं. ९ मा दर्ता कायम रहेको रेन्ट कार नेपाल प्रा. लि. का तर्फबाट ............................. (यसलाई यसपछि प्रथम पक्ष भनिएको छ) आगे, ............................. को छोरा/छोरी ............................. जिल्ला ............................. नगरपालिका/गाउँपालिका वडा नं. ........ बस्ने वर्ष ........ को श्री .......................... (यसलाई यसपछि दोस्रो पक्ष भनिएको छ) का बीच प्रथम पक्षको भोगाधिकारमा रहेको अञ्चल यातायात व्यवस्था विभागमा दर्ता रहेको .......................... मोडेलको, ........ सालको, सवारी नं. .......................... इन्जिन नं. .......................... चेसिस नं. .......................... भएको निजी सवारी भाडा/लिज/करारमा प्रयोग गर्ने सम्बन्धमा मञ्जुरी भई तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही करारनामा लेखी लेखाई सहीछाप समेत गरी एक एक प्रति लियौं दियौं।

**शर्तहरू**

१. प्रथम पक्षको नाममा कायम रहेको वा लिजमा लिएको अञ्चल/प्रदेश यातायात व्यवस्था विभागमा दर्ता कायम भएको .......................... गाडी नं. .......................... इन्जिन नं. .......................... चेसिस नं. .......................... निजी/भाडामा/लिज/करारमा प्रयोग गर्ने सम्बन्धमा प्रथम पक्षको पूर्ण अधिकार रहने छ।

२. शर्त नं. १ मा उल्लेखित सवारी मिति .......................... देखि .......................... सम्म ........ दिनको लागि .......................... स्थानमा सञ्चालनको लागि दोस्रो पक्षले व्यक्तिगत प्रयोजनको लागि सञ्चालन गर्ने कुरामा दुवै पक्षको पूर्ण मञ्जुरी छ।

दोस्रो पक्षले समय थप गर्न चाहेमा वा अन्य कुरामा आपसी सहमतिको आधारमा तय गरिने छ। दोस्रो पक्षले यस करारनामामा हस्ताक्षर गरी उल्लेखित सवारीसाधन लिई गई, यस दफामा उल्लेखित समयमा थप गरी भाडामा लिन चाहेमा सोको जानकारी प्रथम पक्ष कम्पनीका कुनै शेयरधनीको मोबाइल नं. मा कति समय थप गर्ने हो सो खुलाई, म्यासेज पठाई वा फोन मार्फत, समय थप गर्न सक्नेछन्। यसरी समय थप गर्न दिने वा नदिने बारे अन्तिम निर्णय भने प्रथम पक्षको हुनेछ। त्यसरी थपिएको समयलाई सम्झौता अवधि कै समय भनी मान्नु पर्ने छ। साथै थपिएको समयको भाडा दस्तुर हेरेफेर हुन सक्नेछ भनी दोस्रो पक्ष स्वीकार गर्दछन्।

३. शर्त नं. १ मा उल्लेखित सवारी दोस्रो पक्षले यस सम्झौता बमोजिम बहालमा लिए वापत प्रथम पक्षलाई प्रतिदिन रकम रु. .................. अक्षरेपी( ................................................) का दरले हुन आउने रकम रु. .......................... नगद वा बैंकको चेक नं. .......................... बाट चेक मार्फत तिर्न बुझाउन प्रथम पक्ष मञ्जुर छ।

४. भाडामा लिन चाहेको सवारी साधन कति समय वा कति लामो दुरीको लागि हो तल खुलाउनेः
दुरी : ..........................
गाडी लैजाने स्थान : ..........................

५. दोस्रो पक्षले यस सम्झौतामा उल्लेखित सवारी प्रयोग गरेबापत आपसी सहमतिमा तोकिएको अग्रिम रकम करारनामा सहीछाप गर्दा बुझाउनुपर्नेछ।

बुकिङका लागि बुझाइएको अग्रिम रकम सामान्यतया फिर्ता हुने छैन। तथापि, सवारी लिने मितिभन्दा ३ दिन वा सोभन्दा अगाडि बुकिङ रद्द भएमा बैंक तथा भुक्तानी सेवा शुल्क कटाई बाँकी रकम फिर्ता गर्न सकिनेछ। २४ घण्टाभन्दा कम समय अगाडि रद्द गरेमा वा तोकिएको समयमा सवारी लिन नआएमा कुनै रकम फिर्ता गरिने छैन। सवारी बुकिङ रद्द, रकम फिर्ता तथा अन्य सम्बन्धित विषय यस सम्झौताका सर्तबमोजिम हुनेछ।

६. दोस्रो पक्षले सवारी साधन सञ्चालन गर्दाको अवस्थामा कुनै पनि कारणले सम्झौता अवधि भित्र प्रथम पक्षलाई सवारी बुझाउन नसके वा कुनै पनि किसिमले सम्झौता अवधि भित्र फिर्ता नगरी, ढिला फिर्ता गरेमा प्रति घण्टाको दर रु. १००० कायम हुने छ। साथै तोकिएको स्थान भन्दा बाहिर गई गाडी चलाएमा सो वापत प्रति कि.मि. रु. ५०० तिर्न बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछन्, र प्रथम पक्षले उक्त सवारी कुनै पनि बेला आफूसँग ल्याउन सक्नेछ। गाडी प्रथम पक्षको नियन्त्रणमा आइसकेपछि दोस्रो पक्षले गाडीमा कुनै सामान रहेको थियो भनी पछि दाबी लिन पाउने छैन।

**७. यस सम्झौतामा उल्लेखित शर्त अनुसार सवारी प्रयोग गरे वापत लाग्ने खर्चहरू जस्तै सवारी चालक/सह चालक खर्च, इन्धन खर्च, चार्ज गर्दा लाग्ने खर्च, मर्मत सम्भार खर्च र नेपाल सरकारको स्थानीय निकायमा लाग्ने स्थानीय कर वा अन्य करको सम्बन्धमा सवारी प्रयोगकर्ताको रूपमा सम्पूर्ण आर्थिक दायित्व दोस्रो पक्षमा रहने छ।**

**त्यसैगरी, दोस्रो पक्षले सवारी प्रयोग गर्दा ट्राफिक नियम अनुसार सवारी सञ्चालन गर्नुपर्ने छ। ट्राफिक प्रहरीले सवारी साधन वा चालक सम्बन्धित कुनै पनि जरिवाना लगाएमा वा अन्य कुनै पनि प्रकारको दण्ड दिने निर्णय गरेमा सोको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले नै व्यहोर्नुपर्ने छ।**

**८. दोस्रो पक्षले सवारी साधन प्रयोग गर्नु पूर्व उक्त सवारी साधनको अवस्थाका बारे चेक जाँच गर्नुपर्नेछ। यस सम्झौतामा हस्ताक्षर गरिसकेपछि भने दोस्रो पक्षलाई उल्लेखित सवारी साधनका बारे कुनै गुनासो नरहेको भन्ने बुझिनेछ। सवारी साधनको हकमा उक्त सवारी साधन र सवारीमा रहेका सामानहरू सवारी साधन भाडामा लिँदा जे जस्तो अवस्थामा थियो सवारी बुझाउँदा सोही अवस्थामा बुझाउनु पर्ने छ र नबुझाएको खण्डमा गाडी मर्मतको आर्थिक भार दोस्रो पक्षले वहन गर्नुपर्ने छ।**

**९. दोस्रो पक्षले सवारी साधन सञ्चालन गर्दा कुनै पनि प्रकारको मानवीय दुर्घटना, यातायातको क्षति, भौतिक संरचना नै नष्ट हुने किसिमको दुर्घटना हुन गएमा वा नोक्सानी भएमा सम्पूर्ण आर्थिक, सामाजिक, कानूनी दायित्व दोस्रो पक्षले जिम्मा लिनु पर्ने छ।**

**१०. उल्लेखित सवारी साधनको तथा यस सम्झौताको सुरक्षाका लागि, प्रथम पक्षले, जुनसुकै बेला पनि, सम्बन्धित सवारी साधनको निरीक्षण तथा निगरानी गर्न पाउनेछ।**

**११. प्रथम पक्षसँग सम्झौताको शर्त अनुसार सवारी लगेपछि सवारीमा कुनै पनि प्रकारको फोहोर गरेमा र सो सरसफाई नगरी फिर्ता गरेमा, सरसफाई वापतको छुट्टै रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ।**

**१२. साथै प्रथम पक्षसँग सम्झौताको शर्त अनुसार सवारी लगेपछि दोस्रो पक्षले प्रथम पक्षको अनुमति बिना कुनै पनि तेस्रो पक्षलाई सवारी दिन पाउने छैन। सवारी साधन सञ्चालनमा रहँदा कानूनले वर्जित गरेको कुनै पनि कृत्यकलाप वा सामान ओसार पसार गर्न पाइने छैन। कानूनले निषेध गरेको कुनै किसिमको कृत्यकलाप गरेको वा सामान ओसार पसार गरेको फेला परेमा त्यसको सम्पूर्ण कानूनी दायित्व दोस्रो पक्षको नै हुनेछ।**

**१३. प्रथम पक्षसँग सम्झौताको शर्त अनुसार सवारी लगेपछि, दोस्रो पक्षले प्रथम पक्षको कार्यालयमा आवश्यक कागजात जस्तै सवारी लाइसेन्सको प्रतिलिपि, सक्कल नागरिकता/ राष्ट्रिय परिचयपत्र/ पासपोर्ट (राहदानी) प्रमाणपत्र अनिवार्य रूपमा बुझाउनु पर्ने छ। यसरी, दोस्रो पक्षले आफ्नो कागजात बुझाइसकेपछि निजलाई प्रथम पक्षले उल्लेखित सवारी साधनको ब्लुबुक वा सवारी साधन सम्बन्धित अन्य आवश्यक कागजातको प्रतिलिपि प्रदान गर्ने छ।**

**१४. यस सम्झौता हस्ताक्षर गर्दाको बखत दोस्रो पक्षले दुई फरक चेक प्रदान गर्नुपर्छ एउटा गाडीको मूल्य बराबरको चेक(चेक नं:....................... ) अनिवार्य रूपमा प्रथम पक्षलाई बुझाउनु पर्ने छ। त्यसरी बुझाइएको चेक सुरक्षणको रूपमा प्रथम पक्षले राख्नेछ। यस सम्झौता बमोजिम दोस्रो पक्षले तिर्नु बुझाउनु पर्ने कुनै पनि रकम, तथा/वा दोस्रो पक्षका कारण प्रथम पक्षलाई हुन जाने वा भएको कुनै पनि प्रकारको हानि नोक्सानी वापतको रकम भराउन दोस्रो पक्षले नमाने, नसके वा नचाहेमा यस दफामा उल्लेखित सुरक्षण वापत राखिएको चेक प्रथम पक्षले सम्बन्धित बैंकमा गई सटही गरी रकम लिन पाउनेछ। त्यसरी सटही गरी पाएको रकममा आफ्नो नोक्सानी वापतको रकम भराई लिइसकेपछि बाँकी रहेको रकम दोस्रो पक्षले माग गरे निजलाई फिर्ता गरिनेछ।**

**साथै, अर्को चेक(चेक नं:...............) वा नगद दोस्रो पक्षले सवारी बुझ्नुअघि रु.............अक्षरेपी(................................................) धरौटी रकमको रूपमा बुझाउनुपर्नेछ। सवारीमा भएको क्षति, मर्मत खर्च, सरसफाइ शुल्क, ट्राफिक जरिवाना, अतिरिक्त भाडा, हराएका सामान, चार्जिङ/इन्धन खर्च वा यस करारबमोजिम दोस्रो पक्षले तिर्नुपर्ने अन्य रकम धरौटीबाट कट्टा गर्न सकिनेछ। सबै दायित्व हिसाब गरी बाँकी रहेको धरौटी रकम सवारी निरीक्षण तथा हिसाब मिलानपछि फिर्ता गरिनेछ।**

**१५. यस सम्झौता हस्ताक्षर गर्दा, आवश्यक भएमा दोस्रो पक्षले सम्बन्धित सवारीमा अन्य व्यक्ति समेत चालक हुन सक्ने भनी घोषित गर्न सक्नेछ। यसरी दुई चालक भएको खण्डमा, निम्नानुसार, उक्त दोस्रो सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपि र तीन पुस्ते विवरण प्रथम पक्षलाई बुझाउनु पर्दछ। तोकिएको चालक बाहेकले सवारी चलाउन पाउने छैन।**
**चालक नामः– ..........................**
**बुवाको नामः– ..........................**
**हजुरबुवाको नामः– ..........................**

ठेगानाः– ..........................
लाइसेन्स नंः– ..........................
नागरिकता नंः– ..........................
तर, सम्झौता गर्दा घोषित नगरेको तर भविष्य परी यात्रा गर्दाको अवस्थामा चालक परिवर्तन गर्नुपर्ने अवस्था आएमा माथिका विवरण सहित सो कुराको जानकारी दोस्रो पक्षले प्रथम पक्षलाई तत्कालै दिनुपर्नेछ। त्यस्तो जानकारी प्रथम पक्ष कम्पनीका कुनै व्यक्तिको मोबाइल नं. मा विवरण खुलाई, म्यासेज पठाउन सकिनेछ। यसरी आवश्यकता हेरी चालक फेर्न दिने वा नदिने बारे अन्तिम निर्णय भने प्रथम पक्षको हुनेछ।

यदि दोस्रो पक्षको परिवर्तित चालकले उक्त सवारी साधन प्रयोगको क्रममा कुनै पनि दुर्घटना हुन गएमा उक्त दुर्घटनाबाट आइपर्ने भौतिक, मानवीय एवम् कानूनी लगायत सबै प्रकारको क्षति आर्थिक, कानूनी लगायतका सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षकै हुने छ।

१६. दोस्रो पक्षले सवारी प्रयोग गर्दा सामाजिक दुर्व्यवहार तथा कोही कसैलाई हानी नोक्सानी हुने कुनै पनि गतिविधि गर्न पाउने छैन। दोस्रो पक्षले, कुनै पनि कारणले गर्दा, सवारी हराएमा, बेवारिसे पारेरमा वा सम्झौता अवधिभर बुझाउन नल्याएमा वा सम्झौताको शर्तहरू उल्लंघन गरी सवारी साधन चलाएको जानकारी प्रथम पक्षले थाहा पाएमा उक्त सवारी तुरुन्त आफ्नो नियन्त्रणमा लिन सक्ने छ। सो समयमा उक्त सवारीमा कुनै पनि प्रकारको वस्तु भएतापनि सोको जवाफदेही प्रथम पक्ष हुने छैन।

यदि प्रथम पक्षले सवारी साधन आफ्नो नियन्त्रणमा लिन नसकेमा, दोस्रो पक्षले गाडीको मूल्य वापतको हर्जाना प्रथम पक्षलाई तिर्नु बुझाउनुपर्नेछ। दोस्रो पक्षले गाडी लगेर फिर्ता नगर्ने, सम्पर्कमा नआउने गरी वा अन्य कुनै पनि कारणले गर्दा तोकिएको समयावधिभित्र गाडी आफैले फिर्ता नगरेको खण्डमा प्रथम पक्षले आफैले गाडी नियन्त्रणमा लिनुपर्ने अवस्था आएमा, त्यसरी गाडी फिर्ता लिने प्रक्रियामा लाग्न जाने वा लागेको कुनै पनि प्रकारको खर्च प्रथम पक्षले दोस्रो पक्षबाट भराई लिन पाउनेछन्।

१७. सम्झौता बमोजिम गाडी चलाउँदाका कारण गाडी मर्मत गर्नुपर्ने अवस्था भएमा, गाडी मर्मत गर्दा लाग्ने सम्पूर्ण खर्च दोस्रो पक्षले व्यहोर्नेछन् र मर्मत गरिसकेपछि गाडी प्रथम पक्षलाई हस्तान्तरण गरी दिनेछन्। गाडी मर्मत गर्दा लागेको समयावधिलाई यस सम्झौताको थप समयावधि भनी बुझी, सो समयको बहाल रकम समेत दोस्रो पक्षले प्रथम पक्षलाई बुझाइदिनेछन्।

बीमाको रकमको हकमा, दोस्रो पक्षले १ (एक) लाख भन्दा माथिको खर्च वापतको बीमा रकम मात्रै दाबी गर्न पाउनेछन्। यसरी बीमा वापतको रकम गाडी धनीले बीमा कम्पनीबाट पाएपछि मात्रै दोस्रो पक्षलाई दिइनेछ, तर गाडी मर्मतका लागि दिइएकोमा सम्बन्धित मर्मत गर्ने स्थानबाट मर्मत सकिने वित्तिकै लागेको खर्च दोस्रो पक्ष आफैले तिरेर बुझाई, गाडी लिई, प्रथम पक्षलाई हस्तान्तरण गर्नुपर्नेछ। दोस्रो पक्षले बीमाको रकम नपाएको भनी प्रथम पक्षलाई गाडी फिर्ता नगर्ने कार्य गर्न पाउने छैनन्। गाडी मर्मत गर्दा लागेको खर्च दोस्रो पक्षले नतिरेको, नबुझाएको कारणले समेत केन्द्रबाट गाडी निकाल्न असमर्थ भएको अवस्थामा, प्रथम पक्षले आफैले सो खर्च व्यहोरी गाडी निकाली नियन्त्रणमा लिनेछन्। सो अवस्थामा दोस्रो पक्षले कुनै पनि प्रकारको बीमा रकमको दाबी गर्न पाउने छैनन् तथा प्रथम पक्षले मर्मतमा व्यहोर्नु परेको सम्पूर्ण खर्च समेत दोस्रो पक्षबाट भराई लिन पाउनेछन्।

१८. दोस्रो पक्षको जमानीकर्ता तथा प्रत्याभूतकर्ताका (Guarantor) रूपमा निम्न बमोजिमका मानिस रहनेछन् :
नाम तथा उमेर : ..........................
ठेगाना : ..........................
नागरिकता नं. : ..........................
हस्ताक्षर : ..........................

१९. यस सम्झौता बमोजिम दोस्रो पक्षले प्रथम पक्षलाई तिर्नु पर्ने कुनै पनि रकमको हकमा १५ (पन्ध्र) दिन भित्र नबुझाएको खण्डमा प्रथम पक्षको कम्पनीको नाममा रहेको वेबसाइट वा सामाजिक सञ्जालको पृष्ठमा फोटो राखी तीन पुस्ते विवरण सार्वजनिक गरी कानूनी कारबाही सुरु गरिनेछ।

२०. यो करारनामा आजको मिति .......................... बाट लागू हुनेछ। साथै करारनामाका कुनै पनि दफा हेरेफेर गर्नुपरेमा दुवै पक्षको सहमतिमा लिखित रूपमा गर्न सकिनेछ।

२१. यो करारनामा सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सर्वप्रथम विवाद सुरु भएको ७ (सात) दिन भित्र आपसी सहमतिमा समाधान गरिनेछ। आपसी सहमतिमा विवाद समाधान हुन नसकेमा प्रचलित नेपाली कानून बमोजिम व्यवस्था गरिएको सम्बन्धित सम्मानित अदालतमा मुद्दा दर्ता गरी समाधान गर्न सकिनेछ।

२२. दोस्रो पक्षका कारण, यो करारनामा सम्बन्धी कुनै पनि कुरामा विवाद उत्पन्न भई अदालती काम कारवाही गर्नु परेमा, त्यसरी विवाद समाधानको प्रक्रिया भरी कार्यान्वयनको अवस्था सम्म तथा सो पश्चात समेत लाग्ने वा लागेको सम्पूर्ण कानूनी उपचार तथा अन्य कुनै प्रकारको खर्च समेत प्रथम

**पक्षले दोस्रो पक्षबाट भराई लिन पाउनेछ।**

**२३. यो करारनामामा उल्लेखित शर्तहरूको हकमा सोही बमोजिम हुनेछ भने अन्य विषयवस्तुको हकमा मुलुकी देवानी संहिता, २०७४ लागू हुनेछ।यो करारनामा नेपालको प्रचलित कानूनबमोजिम व्याख्या तथा कार्यान्वयन हुनेछ। यसमा लागू हुने हदसम्म मुलुकी देवानी संहिता, २०७४, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सम्बन्धित नियमावली तथा अन्य प्रचलित कानून लागू हुनेछन्।**

**दुवै पक्षले यस करारनामाका सम्पूर्ण शर्तहरू पढी, बुझी, आवश्यक जानकारी प्राप्त गरी, स्वेच्छाले मञ्जुर गरेको घोषणा गर्दछन्। यो करारनामा दुई प्रति तयार गरी दुवै पक्षले एक–एक प्रति राख्नेछन्।**

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट**<br>**नाम : ........................................**<br>**ठेगाना : .....................................**<br>**बैंक खाता नं. ...............................**<br>**चेक नं. .......................................**<br>**दस्तखत : .....................................**<br>**फोन नं. : .....................................** | **प्रथम पक्षको तर्फबाट**<br>**नाम : रेन्ट कार नेपाल प्रा. लि.**<br>**ठेगाना : भक्तपुर, भक्तपुर नगरपालिका वडा नं. ९**<br>**दस्तखत/छाप : ................................** |

**साक्षी**

**१. ...........................................................................................................**

**२. ...........................................................................................................**

**इति सम्बत् ........ साल ........ महिना ........ गते रोज ........ शुभम्।**